# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बोंगादोभान, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## तह वृद्धिका लागि निवेदन पेस गर्ने सम्बन्धी सूचना !
### सूचना प्रकाशन मितिः २०८२/०९/२३
### सूचना नंः ०१-२०८२/०८३ (तहवृद्धि)

प्रस्तुत विषयमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ मा भएको व्यवस्था बमोजिम तह वृद्धिका लागि यस गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा स्थानीय सेवामा कार्यरत तह वृद्धि हुने पद भन्दा एक तहमुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र सम्बन्धित तहमा ५ वर्ष सेवा अवधि पुरा गरेका तथा पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत ९५% अङ्क वा सो भन्दा बढी अङ्क प्राप्त गरेका स्थायी कर्मचारीहरुले सम्बन्धित सेवा, समूह, उप-समूह भित्र तह वृद्धिका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को अनुसूची-१५ बमोजिमको तहवृद्धिको आवेदन फाराममा उल्लिखित विवरण स्पष्ट खुलाई नेपाली कागजमा २ प्रति प्रिन्ट तयार गरी सम्बन्धित शाखा प्रमुखबाट प्रमाणित गराई तपसिलमा उल्लिखित कागजातहरु समेत संलग्न गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

१) आवेदन फाराम,

२) हालको पदको स्थायी नियुक्ति पत्रको प्रतिलिपि,

३) सरुवा भई आएकाको हकमा रमाना पत्रको प्रतिलिपि,

४) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,

५) पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको सक्कल प्रति ।

२०८२।०९।२३

(अमित परियार)

प्रमुख प्रशासकीय अधिकृत

ईमेल- ito.tamankholamun@gmail.com वेबसाइट- www.tamankholamun.gov.np